# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

# टंगाल, काठमाण्डौ

मिति: २०७३।०८।१९ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको ।

---

नेपाल बिद्युत प्राधिकरण, मकवानपुर वितरण शाखामा कार्यरत कार्यालय सहयोगी(दोस्रो तह) धन वहादुर वि.क.ले हटिया चिसापानी स्थित कपास उद्योगमा बिद्युत मिटर वक्स लाईन जडान गर्ने प्रयोजनका लागि बिभिन्न बहानामा घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयबाट खटि गएको टोलीले निज धन वहादुर वि.क.ले रु.३२,०००।-(बत्तीस हजार) घुस रकम लिई नेपाल विद्युत प्राधिकरण, मकवानपुर शाखा कार्यालयबाट अवकास प्राप्त ईलेक्ट्रेसियन विष्णु प्रसाद चौलागाईलाई राख्न दिएको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुँदा निज धन वहादुर वि.क.ले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) वमोजिमको कसूर गरेको पुष्टि हुन आएको हुँदा राष्ट्रसेवक धन वहादुर वि.क. लाई रु. ३२,०००।-(बत्तीस हजार) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ ।

साथै विष्णु प्रसाद चौलागाईले का.स धन वहादुर वि.क. लाई घुस लेनदेन कार्यमा रिसवत रकम लिई राख्ने काममा मंजुरी गरी घुस/रिसवत वापतको रकम लिई साथमा राखेको पाईएकोले भ्रष्टचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा २ बमोजिम कसूर गरेको देखिएको हुंदा निज विष्णु प्रसाद चौलागाईलाई भ्रष्टचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम विगो वमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोप-पत्र दायर गरिएको छ ।

(गणेश राज कार्की)
सह-सचिव एवं प्रवक्ता